# कालमोचनघाट र आसपासका मठ, मन्दिर एवं सत्तलहरू

–सरला मानन्धर

प्राचीनकालदेखि नै कला र वास्तुकलाको क्षेत्रमा काठमाडौं उपत्यकाको आफ्नै महत्त्व र गरिमा रही आएको छ । यस ऐतिहासिक उपत्यकाको विभिन्न ठाउँमा रहेका विभिन्न स्मारकहरूले पनि यस कुरालाई पुष्टि गर्दछ । यी हाम्रा सांस्कृतिक सम्पदाहरू हाम्रो देशको जिउँदो इतिहास हुन् । जसलाई हाम्रा पुर्खाले माया ममताले सयौं वर्षदेखि संरक्षित गर्दै आइरहेका थिए । यस्तै क्रममा हाम्रा पुर्खाले उक्त सम्पदाहरूको हेरविचार मर्मत सम्भार तथा जीर्णोद्धार आदि कार्यहरू सञ्चालनको लागि गुठीको समेत व्यवस्था गरेका थिए । यिनै गुठीबाट हाम्रा यी सम्पदाहरूको रेखदेख हुँदै आइरहेको थियो । तर समयको अन्तराल एवं गतिबिधिसँगै आजभोलि सन्ततिहरूको मन मस्तिष्कमा पनि परिवर्तन आएको छ। किनभने आजभोलिका सन्ततिहरूमा पुराना संस्कारको अभावमा हाम्रा यी सांस्कृतिक सम्पदाहरूलाई आघात पुऱ्याउने, टुटफुट गराउने, विरूप पार्ने तथा नाजायज तरिकाले कब्जा गरी आफ्नो व्यक्तिगत हितमा प्रयोग गर्ने मात्र नभई निजीकरण गर्नमा समेत पछि परेका छैनन् । सार्वजनिक सम्पत्तिको रूपमा रहेका यी गौरवपूर्ण निधिको संरक्षण र सम्बर्द्धन गरी बचाउन आज नित्तान्त आवश्यक भएको छ ।

यसै परिप्रेक्ष्यमा काठमाडौं महानगरपालिका वडा नं. ११ मा छरिएर रहेका विभिन्न स्मारकहरू संरक्षणको अभावमा दिन पर दिन बिग्रदै गइराखेका छन् । यस्ता धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका सम्पत्तिको समयमै संरक्षण गरी अतिक्रमण र नाश हुनबाट बचाउन नित्तान्त आवश्यक छ। यस स्थितिमा प्रस्तुत विवरण संग्रहले सम्बन्धित विषयमा काम कारवाही गर्न केही हदसम्म सघाउ पुऱ्याउने छ ।

कालमोचनघाट र आसपासका मठ, मन्दिर एवं सत्तलहरूको संक्षिप्त परिचय

## पुण्येश्वर मन्दिर

पुण्येश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ ।

रणबहादुर शाहकी रानी पुण्ये सुन्दरीले आफ्नो र आफ्नो वंशको मुक्तिको लागि महादेव स्थापना गरी यो मन्दिर निर्माण गरिदिएकी थिइन् । १९९० सालको ठूलो भुकम्प पछि मर्मत गर्दा पहिलेको भन्दा सानो बनाइएको हो भन्ने कुरा सम्बन्धित पूजारी श्री मोहनकृष्ण झाबाट जानकारी पाइएको छ ।

यो मन्दिर गुम्बज शैलीमा निर्माण गरिएको छ। मन्दिरको गर्भ गृह भित्र शिवलिङ्ग र चारैतिर पाञ्चायन देवताहरू स्थापना गरेका छन् र बाहिर बामदेव र बसाहा रहेको छ।

यस मन्दिरको सञ्चालन गर्नको लागि गुठी संस्थानबाट एक जना पूजारीको व्यवस्था गरिएको छ। सम्बन्धित पूजारीबाट वैदिक विधि अनुसार बिहान नित्य पूजा र बेलुकी आरती गर्ने गरिएको छ। शिवरात्रि, वैकुण्ठ चतुर्दशी र ठूलो एकादशीमा पर्व पूजा गर्ने गरिएको छ।

## कालमोचन हनुमान् मन्दिर

कालमोचन हनुमान् मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११ कालमोचनमा रहेको छ। कालमोचनमा रहेको हनुमानको मूर्ति भएको मन्दिर भएकोले नै यसको नाम कालमोचन हनुमान हुन गएको हो।

यो मन्दिरको बारेमा अध्ययन गर्न केही ऐतिहासिक प्रमाणहरू पाइएका छैनन्। तापनि किम्बदन्तीको अनुसार वागमती र विष्णुमतीको संगममा बसेर हनुमानजीले तपस्या गरेर काललाई जितेको ठाउँ यही हो भन्ने स्मृतिको लागि हनुमान् मन्दिर स्थापना गरिएको हो। यो मन्दिर गुठीमा दर्ता छैन। यसको निर्माण काल यकीन रूपमा थाहा हुन नसके पनि मन्दिरको शैलीको आधारमा राणाकालीन निर्माण कार्य हो भन्ने कुरा बुझिन्छ।

यो सानो हनुमान्को मन्दिर गुम्बज शैलीमा बनाइएको छ। यो मन्दिर ईंटको तीन पेटी माथि अवस्थित छ। मन्दिरको गारोमा बज्र प्लाष्टर गरेको छ र ढोकाको चौकस काठ भएको तर खापा नभएको। मुख्य हनुमान्जीको मूर्ति रहेका र दायाँ बायाँ चन्द्रमा र भैरवका मूर्तिहरू रहेका छन्।

यस हनुमान्जीको मन्दिरको सुरक्षा र सञ्चालनको व्यवस्था नभएकोले त्रिपुरेश्वर मन्दिरको आयस्ताबाट नै पूजा सञ्चालन भइरहेको भन्ने जानकारी सम्बन्धित पूजारी श्री गिरीधारीज्यूबाट प्राप्त भएको छ।

यस मन्दिरको सत्तल र बगैंचा सुरक्षाको राम्रो व्यवस्था नभएमा अतिक्रमण हुने सम्भावना रहेको छ।

## वदन मुक्तेश्वर

वदन मुक्तेश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११ कालमोचनमा अवस्थित रहेको छ।

वदन नाम गरेकी श्री ३ वीर शम्शेरकी सुसारेको नाममा शिवलिङ्ग स्थापना गरी बनाइएको मन्दिर भएकोले वदन मुक्तेश्वर नामकरण गरिएको हो।

श्री नानीबाबु उपाध्यायका अनुसार प्रधानमन्त्री वीर शम्शेरका सुसारे वदन भन्नेले आफूले कमाएको पैसाले आफू मरेपछि शिवलिङ्ग स्थापना गरी मन्दिर बनाई दिने इच्छा गरेर गएको हुनाले वीर शम्शेरले इ.स. १८८५-१९०१ मा निर्माण गरिदिएका थिए।

गजूर सहितको गुम्बज शैलीमा निर्मित यस मन्दिरको ईँटको गारोमा बज्र प्लाष्टर गरिएको छ। मन्दिरको ढोका एक तर्फ मात्र रहेको छ।

यस मन्दिरको सञ्चालन गुठी संस्थानबाट हुने र सुरक्षाको व्यवस्था पूजारीकै जिम्मामा छ। पूजारीबाट नित्य पूजा र शिवरात्रिमा पर्व पूजा गरिने परम्परा रहेको छ।

## जङ्ग हिरण्य हेमेश्वर मन्दिर (नरबेश्वर)

जङ्ग हिरण्य हेमेश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा रहेको छ।

सम्बन्धित पूजारी श्री श्यामनाथबाट प्राप्त जानकारी अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले १८४६-४७ इ.सं. मा आफ्ना रानीहरू हिरण्य र हेमको नाउँ अमर रहोस् भनी यो मन्दिर निमार्ण गरिदिएका थिए।

यो मन्दिर गुम्बज शैलीको छाना माथि तामाको गजूर सहित बनेको छ। जुन ढुङ्गाको तीन पेटी माथि अवस्थित रहेको छ र मन्दिरको ढोका एक तर्फ मात्र रहेको छ। मन्दिरको गारोको ईंटा माथि बज्र प्लाष्टर गरिएको छ।

यस मन्दिरको गर्भ गृहमा शिवलिङ्ग स्थापना

गरिएको छ । गुठी संस्थानबाट एक जना पूजारी श्री श्यामनाथलाई नियुक्त गरिएको छ । वैदिक विधि अनुसार पूजारीबाट नित्य पूजा गरिन्छ । मन्दिरको ढोकामा ढुङ्गाको चौकस भएको तर खापा नभएकोले जहिले पनि खुल्ला रहने भएकोले सुरक्षित देखिंदैन ।

कालमोचन घाटको छेउमा रहेको यस मन्दिरको चारैतिर अति नै फोहर छ र मन्दिर घुम्न पनि नसकिने अवस्थामा रहेको छ ।

मन्दिरको ढोकामा खापा नभएकोले जो पनि भित्र पसी मनपरी गर्ने भएकोले सुरक्षा एवं सफाइको दृष्टिकोणबाट खापा राख्नु पर्ने देखिन्छ । पहिले काठको खापा भएकोमा चोरी भएको भन्ने कुरा बुझिन आएको छ । मन्दिरको चारैतिर सफाइ राख्नु अति नै जरूरी छ ।

## जङ्ग हिरण्य हेमनारायण मन्दिर

जङ्ग हिरण्य हेमनारायण मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ ।

प्रधानमन्त्री जङ्ग बहादुर राणाले आफ्नो र आफ्ना रानीहरू हिरण्य र हेमको नाउँमा बनाएको हुँदा यस मन्दिरको नाम जङ्ग हिरण्य हेम भएको हो ।

यो मन्दिरको ऐतिहासिक जानकारीको आधारको रूपमा जङ्ग बहादुर राणाको सुन मोलम्बा शालिक भएको स्तम्भमा रहेका शिलालेख र मन्दिरमा कुँदिएका हरफहरू रहेका छन् । जस अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले आफ्नो बेलायत यात्रापछि वि.सं. १९३१ मा यो मन्दिर निर्माण गरेका थिए । १९९० सालको ठूलो भूकम्पले भत्किएकोले १९९२ सालमा जीर्णोद्धार गरिएको हो ।

यो मन्दिर गुम्बज शैलीमा बनेको छ। ढुङ्गाको तीन पेटीमाथि बनाइएको यो मन्दिरको तल्लो भाग चौकन्न आकारको रहेको छ । मन्दिरको चारैतिर काठको कलापूर्व ढोकाहरू रहेका छन् र चारै तिर सुन मोलम्बा सिंहहरू राखेका छन् । गुम्बज आकारको छाना माथि घण्टाकार सुन मोलम्ब गजूर राखिएको छ । मन्दिरको ईंटाको गारो माथि बज्र प्लाष्टर गरिएको छ। मन्दिर रहेको ठूलो कम्पाउण्डमा तेली इँटाले छापेकोमा घाँस उम्री इँटा नै नदेखिने भएको छ ।

गर्भ गृहमा नारायणको साथै लक्ष्मी र सरस्वतीका मूर्तिहरू स्थापना गरेका छन् ।

यो मन्दिरको सञ्चालन गुठी संस्थानबाट भइरहेको छ । पूजारी श्री श्यामनाथ उपाध्यायबाट वैदिक विधि अनुसार नित्य पूजा र कृष्णाष्टमी, वैकुण्ठ चतुर्दशी र ठूलो एकादशीमा पर्व पूजा गरिन्छ ।

हाल यस मन्दिरको सत्तलहरूमा गुठी तहसिल र गुठी खर्चको कार्यालयहरू रहेका छन् ।

पिपलको बोटहरू उम्रिएकोले मन्दिर भत्किनबाट बचाउन रासायनिक उपचार प्रकृयाबाट संरक्षण गर्नु पर्ने जरूरी छ ।

## गोपाल मन्दिर

गोपाल मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ

गोपालजीको मूर्ति स्थापना गरी बनाइएको मन्दिर भएकोले गोपाल मन्दिर नामकरण गरिएको हो ।

प्रधानमन्त्री जङ्ग बहादुर राणाले यो मन्दिर वि.सं. १९४० मा निर्माण गरी नित्य नैमित्तिक पूजा, पर्व-पर्वका पूजा, ब्रतबन्ध, गुठीयार, पूजारी, सुसारे, झादु, बदारू, बाजा बजाउने कामदारको व्यवस्था गरी गुठी राखी खेतको आम्दानी नगदी जिन्सीले श्री गोपालजीको मन्दिर सञ्चालन गर्ने भन्ने मन्दिरको मूलढोका अगाडि रहेको सत्तलको भूई तलामा रहेको शिलालेखमा उल्लेख गरिएको छ ।

यो मन्दिर गुम्बज आकारको छानामा सुन मोलम्बा गजूर राखी बनाइएको छ । यो मन्दिर ढुङ्गाको पेटी माथि अवस्थित रहेको छ । मन्दिरको निर्माण ईंटाको गारो माथि बज्र प्लाष्टर गरिएको छ । ढोकामा एउटा मात्र, काठको जाली खापा रहेको, तोरण र चौकोस कलापूर्ण ढुङ्गाको छ ।

मन्दिर बाहिर गरूड स्थापना गरिएको छ । यस

गोपाल मन्दिर पनि गुठी संस्थानबाट सञ्चालन भइरहेको छ र पूजारी श्री शिव प्रसाद उपाध्याय हुनुहुन्छ। वैदिक विधि अनुसार पूजारीबाट नित्य पूजा, कृष्णाष्टमी र मन्दिरको वार्षिकोत्सवमा विशेष पूजा गरिने परम्परा रहेको छ।

## वैरागी अखडा (मठ)

वैरागी अखडा मठ काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ । वैरागीहरूको बसोबासको लागि बनेको मठ भएको हुनाले यसको नाम वैरागी अखडा रहन गएको हो ।

यस मठको स्थापना बारेमा प्रष्ट जानकारी दिने कुनै प्रमाण फेला पार्न सकिएको छैन । गुठी संस्थानबाट प्राप्त भएको जानकारी अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले इ.सं. १८४६-७७ मा निर्माण गरी हण्डीको पनि व्यवस्था गरिदिएको व्यहोरा लालमोहरमा उल्लेखित छ भन्ने कुरा बुझिएको तर सो लालमोहर हेर्न पाइएको छैन । हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १५ जना जोगीहरूलाई हण्डी ख्वाउने व्यवस्था भई नै रहेको छ ।

यो मठ साधारण सत्तल शैलीमा एक तले छ । मठको कम्पाउण्ड भित्र गुम्बज शैलीको मन्दिर बनेको छ । जसको नामकरण "राम मन्दिर" गरिएको छ । यो मन्दिरको छाना माथि सानो गजूर राखेको छ। कुनै कला नभएको साधारण शैलीमा बनेको छ ।

यो मन्दिर निर्माणको हकमा ईंट, माटो बज्र, र काठ प्रयोग गरिएको छ। मन्दिरमा राम, लक्ष्मण, सीता र हनुमान्को मूर्ति रहेको छ । मन्दिरको पूजारी श्री महन्त अर्जुनदास हुनुहुन्छ । जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने । वैदिक विधि अनुसार नित्य पूजा र राम नवमीका दिन विशेष पूजा महन्तद्वारा नै गर्ने गरिएको छ ।

## उदासी अखडा (मठ)

उदासी अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ ।

यस मठको ऐतिहासिकता बारे जानकारी दिने कुनै प्रमाणहरू पाउन सकिएको छैन । गुठी संस्थानबाट प्राप्त जानकारीबाट यो मठ इ.सं. १८४६-७७ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले साधु सन्तहरू बास बस्नको लागि निर्माण गरी हण्डीको पनि व्यवस्था गरिदिएका थिए। सोको लालमोहर छ भन्ने बुझिएको तर हेर्न पाइएको छैन । हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १३ जनालाई दैनिक हण्डी ख्वाउने व्यवस्था भई नै रहेको छ। साधारण नेपाली घरको बनावटले बनेको यस मठको कम्पाउण्ड भित्र एउटा सानो मन्दिर टायल र जस्ताको छाना भएको र ईंट, माटो, बज्र र काठ प्रयोग गरी निर्माण गरिएको छ ।

गुरू नानकको मूर्ति र शालीग्रामहरू सानो मन्दिर भित्र राखिएको छ। मन्दिरको पूजारी श्री चेतनदास (महन्त) हुनुहुन्छ। जगन्न प्रकाश र गुठीको आयस्रोतबाट सञ्चालन हुने र गुरू ग्रन्थको पूजा गर्ने गरेको छ ।

## सन्यासी अखडा (मठ)

सन्यासी अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचन, त्रिपुरेश्वरमा अवस्थित छ ।

भगवान शिवको नाउँमा बनाएको हुनाले यस मठको नाम सन्यासी अखडा भएको हो । यस मठको ऐतिहासिकता बारे जानकारी दिने कुनै तथ्य प्रमाणहरू उपलब्ध गर्न सकेको छैन । महन्तको भनाइ अनुसार इ.सं. १८४६-७७ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले योगीहरूको लागि मठ बनाई दिई हण्डीको पनि व्यवस्था गरिदिएका थिए। हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १४ जना जोगीहरूलाई हण्डी खुवाउने भई नै रहेको छ। सोको लालमोहरमा उल्लेखित भएको भन्ने कुरा बुझिएको तर हेर्न पाइएको छैन ।

यो मठ १९९० सालको ठूलो भूकम्पपछि जीर्णोद्धार गरिएको हुनाले यसको शैली साधारण एक तले नेपाली घरको जस्तै छ। यस कम्पाउण्ड भित्र सानो चारपाटे मन्दिर

रहेको छ। जसको छाना टायलले बनेको छ। छानामा टायल र जस्ताले छोपेको छ। निर्माण सामग्रीको हकमा इँट, माटो, बज्र र काठ प्रयोग भएको छ। सो मन्दिरमा रामेश्वर महादेव (शिवलिङ्ग) को मूर्ति राखिएको छ । सोको पूजारी श्री शिवानन्द गिरी हुनुहुन्छ । जगन्न प्रकाशेश्वर र गुठीको आयबाट सञ्चालन हुने गरी नित्य पूजा वैदिक विधि अनुसार महन्तले गर्ने गरेको छ। पर्व पूजामा शिवरात्रि, नागपञ्चमी, गङ्गा दशहरा, दशैं, नवरात्रि पूजा र कन्या पूजा गर्ने र हरेक सोमबार भजन गर्ने चलन रहेको छ ।

## नाथ अखडा (मठ)

नाथ अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

गोरखानाथको नाममा यो अखडाको नाम नाथ अखडा भएको हो ।

यो मठ वि.सं. १९३०-३१ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले स्थापना गरिदिएका थिए। जङ्ग बहादुर राणाले जगन्न प्रकाशेश्वर गुठीको आयस्ताबाट सञ्चालन गर्ने गरी चारवटा अखडा जोगीहरूको लागि खडा गरिदिएका थिए । जसमध्ये यो नाथ अखडा पनि एक हो । यस अखडाको महन्तको भनाइ अनुसार चारवटा अखडाहरूको सञ्चालन र व्यवस्थाबारे एउटै लालमोहरमा उल्लेखित छ र त्यो लालमोहर एकजना महन्तको जिम्मामा रहेको छ । सो लालमोहर भने अध्ययन गर्न पाइएको छैन ।

यो साधारण सत्तल जस्तो बनाइएको छ। पहिले भिंगटीको छाना रहेकोमा वि.सं. १९९० सालको भूकम्प पछि जस्ताको छाना हालेको छ। निर्माण सामग्रीको हकमा माटोको जोडनीमा इँटाको गारो लगाइएको ।

सानो मन्दिर भित्र गोरखनाथको ढुङ्गाको मूर्ति तामाको चरण पादुका, हनुमान् गणेश र शिवलिङ्ग छन् । मन्दिरको पूजारी श्री महन्त महादेव नाथ योगी हुनुहुन्छ । जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने गरी महन्तबाट नित्य पूजा र दशैं, नागपञ्चमी, वैशाख पूर्णिमा, शिवरात्रि, नवरात्रि र पर्व पूजा गर्ने परम्परा रहेको छ ।

सम्बन्धित पूजारीको भनाइ अनुसार पहिले यो मठ चारैतिर रहेकोमा बागमतीको नयाँ पुल बनाउँदा सडक विभागले दक्षिण र पश्चिमको पूरा घर र उत्तर पट्टिको आधा घर भत्काई सडक बनाइयो र गुठी संस्थानले दुवैतिर नयाँ भवन बनाइएको छ। महन्तका अनुसार पहिले तीन रोपनी जग्गाको कम्पाउण्ड भएकोमा हाल सानो ठाउँ मात्र बाँकी भएको छ ।

महन्तको जिम्मामा गुठी संस्थानबाट दैनिक आठ जनाको हण्डी आउने, पूजा खर्चको हकमा दिनको एक मोहर र गाईको दानाको लागि दिनको पाँच मोहर आउने गरेको छ। महन्तबाट नित्य पूजा र दशैंमा, नाग पञ्चमीमा, वैशाख पूर्णिमा, शिवरात्रिमा र नवरात्रिमा पर्व पूजा गर्ने परम्परा रहेको छ ।

पहिले चारैतिर मठ भएकोमा वि.सं. २०२२-२३ तिर भत्काई हाल पश्चिमतिर फर्केको एक हिस्सा मात्र बाँकी रहेको भन्ने कुरा पनि सम्बन्धित महन्तबाट जानकारी प्राप्त भएको छ ।

## पाञ्चायन

पाञ्चायन काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

पाञ्चायन देवताहरूको नामबाट पाञ्चायन नाम रहेको छ। हिन्दू संस्कृतिमा पाञ्चायन देवताहरूको पूजा गर्ने प्रचलन अनुरूप पाँच वटा मन्दिर वि.सं. १९०४ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले निर्माण गरेका थिए। अन्यत्र पाञ्चायनमा दुर्गाको मूर्ति प्रतिस्थापित गरेको पाइन्छ भने त्यहाँ राणाहरूको देवता बाल त्रिपुरासुन्दरीको मूर्ति र मन्दिरको पनि विशेष रूपले निर्माण गरी त्यही नै देवाली गर्ने परम्परा आज पनि देखिरहेको छ। शिलापत्र मन्दिरको बाहिर स्थापना गरेको छ । मन्दिर गुम्बज शैलीको छ । निर्माण सामग्रीको हकमा इँट, बज्र, काठ, ढुङ्गा र माटो प्रयोग भएको छ। मन्दिरको बाहिरी भागमा बज्र प्लाष्टर गरिएको छ ।

मन्दिरमा गणेश, कुल देवता, भीमसेन, इष्ट

देवता, भैरव, भगवती, सूर्यनारायण, राधाकृष्ण, हनुमान्, शिव र नरसिंह स्थापना गरिएको छ । शिवजीको ढोका अगाडि कामदेव र कीर्तिमुख भैरव, बाहिर घाटमा शिवजी र विष्णु पादुका रहेको छ । पूजारीको हकमा विश्वनाथ अधिकारी, कोशनाथ, ठाकुर पराजुली र विष्णु पराजुली गरी जम्मा ४ जना हुनुहुन्छ । पूजाआजा जगनन्द प्रकाशेश्वर गुठीबाट सञ्चालन हुने गरेको छ ।

वैदिक विधि अनुसार नित्य पूजा र आरती समेत हुन्छ। कृष्णाष्टमी र शिवरात्रिमा पर्व पूजा, वैशाख पूर्णिमाको दिनमा राणाहरूको १ वर्ष ब्रिराएर देवाली पूजा गरिने परम्परा रहेको छ। इष्ट देवताको मन्दिरको चाँदीको ढोका देवाली पूजामा मात्र खोलिने गरेको छ। अरूबेला ढोकामा नै पूजा गर्ने र दैनिक भजन गरिने चलन रहेको छ ।

## जंग नन्देश्वर शिव मन्दिर

जंग नन्देश्वर शिव मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

जङ्ग बहादुरले आफ्नो नाम र मुख्यानी पछि रानी नन्द कुमारीको नाम अंकित गरी स्थिर र स्थायीको लागि निर्माण गरेको मन्दिर हो । सो मन्दिर वि.सं. १९०२ मा जनरल जङ्ग बहादुर राणाले आफ्नै कम्पाउण्ड भित्र शिवलिङ्ग स्थापना गरी यो मन्दिर बनाई प्रशस्त गुठी राखी दिएका थिए। साथै यसको आयस्ताबाट अरू देवस्थल तथा मठहरू पनि सञ्चालन गर्ने व्यवस्था गरी दिए । जङ्ग बहादुरको सबैभन्दा पहिलो कृति यही हो । ताम्रपत्र तथा त्यहाँ स्थित घण्टामा कुँदेको हरफहरूको र पाञ्चायनको शिलापत्रबाट यी कुराहरूको जानकारी प्राप्त हुन्छ ।

यो मन्दिर मुगल शैलीमा तीन पेटीमाथिल बनाइएको छ। जसको चारैतिर ढोका राखिएको छ। गुम्बज छाना र सुन मोलम्बा गजूर रहेको छ। निर्माण सामग्रीको हकमा ईंट, बज्र, काठ, ढुङ्गा तथा माटो, मन्दिरको बाहिरी भागमा बज्र प्लाष्टर गरिएको छ । गर्भ गृहभित्र मुख्य शिवलिङ्ग र चारकुनामा गणेश, भगवती, विष्णु, र सूर्य छन् । मुख्यद्वार बाहिर भैरव र मन्दिरको चउरमा कामदेव मन्दिर स्थापना गरिएको छ । पूजारी कोशनाथ हुनुहुन्छ । वैदिक विधि अनुसार नित्य पूजा बिहान र बेलुकी आरती गरिन्छ । श्रीपञ्चमी र शिवरात्रिमा विशेष पूजा हुन्छ । यो मन्दिरको सञ्चालन गुठी संस्थानबाट भइरहेको छ। पूजाको बेलामा मात्र मन्दिरको ढोका खोल्ने गरिएको एवं ढोकाको साँचो पूजारीसंग हुने गरेको छ ।

मन्दिरको चारैतिर रहेको जमीनको अतिक्रमण भएको छ र मन्दिर जाने मुख्य ढोका नै बन्द गरी जग्गा अतिक्रमण गरी घर बनाइएको छ। मन्दिरको वरिपरि रहेको पाटी भत्केर गइरहेको र चाँडै नै कुनै व्यवस्था नभए सबै पाटी भत्किने सम्भावना रहेको छ ।

यो मन्दिर दयनीय अवस्थामा रहेको छ। पिपलको बोटहरू उम्रिएकोले भत्किनबाट बचाउन रासायनिक प्रकृयाबाट संरक्षण गर्नु आवश्यक छ।

## तीन शिवालय (दीप मुक्तेश्वर, नन्द मुक्तेश्वर र जगनन्न मुक्तेश्वर)

दीप मुक्तेश्वर, नन्द मुक्तेश्वर र जगनन्न मुक्तेश्वर काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने गरी वि.सं. १९१०-१९१२ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले यी तीनवटा मन्दिरहरू आफ्ना बहिनीहरू दीपा कुमारी र जगत कुमारीको नाममा बनाई दिएका थिए भन्ने जानकारी पाञ्चायनको शिलालेख र गुठी संस्थानबाट प्राप्त भएको छ ।

यो मन्दिर शिखर शैलीमा बनेको र सोको शिखरमा गजूर जडान गरेको छ । हाल दुइवटा सानो मन्दिरको गजूर नभएको तर खाली गजूर अडाउने काठ मात्रै रहेको छ। निर्माण सामग्रीको हकमा माटोको गारोमा बज्र प्लाष्टर गरेको छ । तीनवटै मन्दिरहरू भित्र शिवलिङ्ग स्थापना गरेको छ। पूजारी श्री यदुनाथ र श्री बालहरी वर्मा हुनुहुन्छ । यी तीन शिवालय जगन्न प्रकाशेश्वर गुठीको आयस्ताबाट गुठी संस्थानले सञ्चालन गरेको छ। तीनवटा

मन्दिर मध्ये ठूलो मन्दिरमा साँचो लगाइएको र अरू दुइवटा मन्दिरमा ढोका नभएकोले खुल्ला रहेको छ ।

नित्य पूजा र साँझमा आरती गर्ने परम्परा रहेको छ । साथै वर्ष बन्धन र शिवरात्रिमा विशेष पूजा हुन्छ । मन्दिरहरूमा बत्ती बालिने परम्परा रहेको छ । पूजाको समयमा बाजा बजाउनको लागि ८ जवानको दरबन्दी रहेको छ ।

## त्रिपुरेश्वर महादेव मन्दिर

त्रिपुरेश्वर महादेव मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ ।

ललित त्रिपुरासुन्दरीको नामबाट यो मन्दिरको नामकरण भएको र यस मन्दिरको अवस्थितिको कारणले गर्दा स्थानीय टोलको नाम त्रिपुरेश्वर रहेको बुझिन्छ ।

श्री ५ रण बहादुर शाहको कनिष्ठ रानी ललित त्रिपुरासुन्दरीले राजाको मुक्ति र सम्पूर्ण जनताको हितको लागि तथा कालमोचन क्षेत्रमा धार्मिक उपासनाको दिग्दर्शनको लागि यन्त्राकार र दिगदेवताहरूको स्थापना गरी वि.सं. १८७६ मा यो मन्दिर निर्माण गरिदिएका थिए । यस मन्दिरको सञ्चालनको लागि प्रशस्त जग्गा, जमीन राखी त्रिपुरासुन्दरीको शालिक भएको ढुङ्गाको स्तम्भमा कुँदिएको शिलालेख, नन्दी भएको ढुङ्गाको स्तम्भमा कुँदिएको शिलालेख, ठूलो ताम्रपत्र जुनकि हाल गुठी संस्थानमा राखेको छ । लालमोहरमा सो कुरा उल्लेख पनि गरिदिएको पाइन्छ ।


पाँच पेटीहरूको माथि प्रचलित नेपाली छत्र शैलीमा देवल निर्माण गरेको छ । तीन तले छाना भएको र छाना माथि सुन मोलम्बा गजूर राखिएको छ । सबैभन्दा तलको छाना झिंगटीको र अरू माथिको दुई छाना तामामा सुन मोलम्ब लगाएको छ । निर्माण सामग्रीको हकमा तेली इँटा, माटो, काठ ढुङ्गा र बज्र प्रयोग गरिएको छ ।

गर्भ गृहभित्र शिवलिङ्ग र वि.सं. १८७५ मा प्रतिस्थापना गरेको दक्षिणतिरको ढोकामा कीर्तिमुख भैरवको मूर्ति छ । साथै मन्दिरको चारैतिर विभिन्न मूर्तिहरू छन् । क्रमशः वीर भद्र, यमराज, नृत्यदेवता, नारायण, वरूण, दिगपाल, बासुकी नाग, वायु, भ्रीगी, कुवेर, चण्डेश्वर, इशान, कामदेव, ब्रम्हा, गणेश, अग्नि र इन्द्र देवताहरू छन् । सोको पूजारी श्री गिरीधारी भक्त हुनुहुन्छ । ताम्रपत्रमा उल्लेख भए बमोजिम गुठी संस्थानबाट सञ्चालन हुने गरी तान्त्रिक र वैदिक विधि अनुसार पूजा गर्ने गरिएको छ । दैनिक नित्य पूजा र भजन पनि गरिन्छ । विशेष गरी पर्व पूजाहरू वैशाखमा वर्षबन्धन, आषाढमा एकादशीका दिन, श्रावणमा पवित्ररोहमा, भाद्रमा तीजको दिन, आश्विनमा दशैं, कार्तिकमा महास्नान, पौषमा धनुमाष, माघमा श्रीपञ्चमी, सप्तमी, चौथी, फाल्गुणमा शिवरात्रि र चैत्रमा दमनारोहणका दिनमा पूजा गरिन्छ । सम्बन्धित व्यक्तिहरूबाट सुरक्षाको व्यवस्था गरी पूजाको बेला मात्र ढोका खोल्ने गरिएको छ ।


त्रिपुरेश्वर महादेव मन्दिरको फूलबारीको अतिक्रमण भएको भन्ने सम्बन्धित पूजारीबाट थाहा हुन आएको छ ।

शाहवंशको वास्तुकलाहरू मध्ये संस्कृति, कलाको साथै धार्मिक पक्षमा पनि अपूर्व गरिमा अंगाली राखेको यो मन्दिरको संरक्षण हुनु अति नै जरूरी छ । काठको कलापूर्ण ढोकाहरू साथै टुँडालहरूको रासायनिक प्रकृयाबाट संरक्षण गर्नु पर्ने अत्यावश्यक रहेको छ । नत्र पछि गएर शाहवंशको संस्कृति, कला र धार्मिक विशाल कृतिको इतिहास पनि लोप हुने सम्भावना देखिन्छ । चारैतिर रहेको सत्तलहरू पनि बिग्रदै गइरहेकोले चाँडै नै जीर्णोद्धार गर्नुपर्ने आवश्यकता रहेको छ । यस मन्दिरका पूजारीका भनाइ अनुसार ताम्रपत्र साथै लालमोहरहरूमा उल्लेखित कुराहरू व्यवहारमा नभएको र चारैतिरको अतिक्रमणबाट नराम्रो आघात परेको छ ।

## फलक १



जंग हिरण्य, हेमनारायण मन्दिर, कालमोचन



त्रिपुरेश्वर महादेव मन्दिर